४ नारायणी
Narayani Express National Daily
म.जि.प्र.का.द.नं.:२७/०६१/६२

# एमडीआईलाई अर्को राष्ट्रिय पुरस्कार

■ नारायणी सम्वाददाता

हेटौंडा-कृषि वन तथा वातावरणको क्षेत्रमा क्रियाशील मकवानपुरको एक गैरसरकारी संस्थालाई राष्ट्रिय स्तरको सामाजिक सेवा पुरस्कार प्राप्त भएको छ।

जगदीश घिमिरे सामाजिक सेवा पुरस्कारबाट मनहरी विकास संस्था (एमडीआई नेपाल) पुरस्कृत भएको हो। काठमाडौंमा जारी गैरसरकारी संस्था महासंघ नेपालको आठौं महाधिवेसनमा एमडीआई नेपालका कार्यकारी अध्यक्ष खोपनारायण श्रेष्ठलाई प्रधानमन्त्री केपी शर्मा ओलीले पुरस्कार प्रदान गरेका हुन्।

पुरस्कार प्राप्त गरेपछि प्रतिक्रिया दिंदै अध्यक्ष श्रेष्ठले आफूले निरन्तर मकवानपुरको पश्चिम क्षेत्रमा गरेको मिहेनत र परिश्रमको



उचित सम्मान भएको बताए। पश्चिम मकवानपुरका चेपाङ, तामाङ तथा विपन्न समुदायको बसोबास रहेको बस्तीमा एमडीआई डेढदशकदेखि निरन्तर क्रियाशील गैरसरकारी संस्था हो। कृषि वन मार्फत गरिब र विपन्नहरुको आर्थिक उपार्जन तथा वातावरणीय संरक्षणमा संस्थाले काम गरिरहेको फिल्ड संयोजक नवीन सुवेदीले बताए। खासगरी अनिकालग्रस्त क्षेत्रमा कामका लागि खाद्यान्न लगायतका कामहरुको

**एमडीआईले खेर गइरहेका पाखो र लम्बो जग्गाहरुलाई व्यवस्थित**

सहजीकरण गर्दै एमडीआईले खेर गइरहेका पाखो र लम्बो जग्गाहरुलाई व्यवस्थित ढंगले आयमूलक बिरुवाहरु केरा, भुइकटहर, अम्रिसो, कागती लगायतलाई प्रवर्द्धन गर्दै आइरहेको छ।

एमडीआईले वन तथा वातावरणको क्षेत्रमा उत्कृष्टता हासिल गरेको भन्दै संस्थाले यसअघि पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त गरिसकेको छ। संस्थाले केन्याको नैरोबीमा १ लाख डलरको युनएनइपी सासाकावा पुरस्कार, फिलिपिन्समा रियोतारो हासिमोतो एपिएफइडी २० हजार पुरस्कार प्राप्त गरिसकेको छ।

जन्मदिन